(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित )

जि.प्र.का.दर्ता नं ५८/२०६३

# सहिद

SAHID WEEKLY साप्ताहिक

वर्ष १५, अंक ५, पृष्ठ-६ ने.सं. ११३८ बछला गा:, चतुर्दशी, वि. सं. २०७५ बैशाख २१ गते शुक्रबार MAY 2018 मूल्य रू. ५।-

## पेट्रोलियम पदार्थको मूल्यवृद्धि



काठमाडौं। नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टितेलको मूल्यवृद्धि गरेको छ ।

बैशाख १९ गते राति १२ बजेदेखि लागू हुने गरी निगमले पेट्रोलमा दुई र डिजेल र मट्टितेलमा तीन/तीन रुपैयाँ मूल्य वृद्धि गरेको हो ।

मूल्यवृद्धिपछि अब पेट्रोलको मूल्य प्रतिलिटर रु. १०८।- हुनेछ भने डिजेल र मट्टितेल प्रतिलिटर रु. ९०।- पुगेको छ । खाना पकाउने ग्यासको भाउ भने यथावत रहेको निगमले जनाएको छ ।

### नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

## राजेन्द्र चवाल अध्यक्षमा निर्वाचित




भक्तपुर । नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलन बिहीबार सम्पन्न भयो। सम्मेलनले राजेन्द्र चवालको अध्यक्षतामा उन्नाइस सदस्य नेक्रामसंघ केन्द्रीय समिति गठन गरेको छ। नवनिर्वाचित समितिको उपाध्यक्षमा उपेन्द्र सुवाल, सचिवमा राजवीर डंगोल, सहसचिवमा अनिता जधारी र कोषाध्यक्षमा विष्णुराम दुमरु निर्वाचित हुनुभएको छ ।

बुधबारबाट सुरु भएको बन्द बैठकमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें, पार्टी केन्द्रीय सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य सुनिल प्रजापति, नवराज कोइराला, अनुराधा थापामगर, वैकल्पिक केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाई, राजेन्द्र चवाल, सृजना सैंजूले विभिन्न विषयमा प्रशिक्षण दिनुभएको थियो ।


बन्द बैठकमा विधान संशोधन प्रस्ताव निवर्तमान उपाध्यक्ष नारायण महर्जन र प्रतिवेदन सचिव राजकृष्ण गोराले प्रस्तुत गर्नुभएको थियो ।

अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मंगलबार विश्व सम्पदास्थल टौमढीमा नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलनको उद्‌घाटन कार्यक्रम सम्पन्न भयो ।

उक्त सम्मेलनको उद्‌घाटन गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले सम्मेलनको पूर्ण सफलताको कामना गर्दै योग्य मानिस योग्य ठाउँमा पुग्नुपर्छ। पदको लागि लुछाचुँडी

क्रमशः पृष्ठ ५ मा

## नेमकिपाले मार्क्स दिवस मनाउँदै



विश्व सर्वहारा वर्गका महान गुरु कार्ल मार्क्सको २०० औं जन्म दिवस नेपाल मजदुर किसान पार्टीले वर्षभरि विभिन्न वैचारिक र प्रशिक्षणात्मक गतिविधि गरी मनाउने भएको छ ।

आगामी मे ५ (बैशाख २२ गते) मार्क्सको २०० औं जन्म दिन हो । सो दिन नेमकिपाले विचार गोष्ठी गरी मार्क्स र एंगेल्सका कृति तथा विचारमाथि छलफल गर्ने भएको छ ।

पार्टीको आयोजनामा सो दिन आयोजना हुने विचार गोष्ठीमा विभिन्न १३ विषयहरुमा वक्ताहरुले प्रवचन दिने बताइएको छ ।

तात्कालीन युरोपको अवस्था, मार्क्सवादी दर्शनशास्त्र, मार्क्सवादी अर्थतन्त्र, मार्क्सको जीवनी, हेगेल र फायरवाखको दर्शन आदि विषयमा वक्ताहरुले चर्चा गर्ने कार्यक्रम बनेको छ ।

साथै सो कार्यक्रममा मार्क्स लिखित 'कम्युनिष्ट घोषणा-पत्र' र 'फ्रान्सेली गृहयुद्ध' तथा एंगेल्स लिखित 'परिवार, निजी सम्पत्ति र राज्यसत्ताको उत्पत्ति' र 'बेलायती मजदुरहरुको अवस्था' कृतिबारे पनि चर्चा हुनेछ ।

कार्यक्रममा पार्टी नेता-कार्यकर्ता, प्राध्यापक, बुद्धिजीवी र पत्रकारहरुले ती विषयहरुमा बोल्ने पार्टी स्रोतले जनाएको छ ।

## ज्येष्ठ नागरिक भवन निर्माण सहयोगार्थ सप्ताह सम्पन्न



पाँगा । ज्येष्ठ नागरिक सेवा केन्द्रद्वारा आयोजित श्रीमद्भागवत महायज्ञ सप्ताह बैशाख १५ गते शनिबार सम्पन्न भयो ।

ज्येष्ठ नागरिक सेवा केन्द्र भवन निर्माण सहयोगार्थ संचालित सप्ताहमा नगद रु. ३४ लाख ८९ हजार ४५८ रुपैयाँ संकलन भएको केन्द्रका कोषाध्यक्ष दुर्गा बहादुर महर्जनले सहिदलाई बताउनुभयो ।

कार्यक्रममा बासुदेव/रुकमणी प्रधान रक्तकालीबाट २ लाख, केशव रामदेवी शालिकबाट १ लाख १५ हजार ५२५, राम सिं/स्व. कामिनी बज्यै शालिकबाट १ लाख ११ हजार १११, विजय/इन्दिरा डंगोल ढोकाफल १ लाख ५ हजार ५५५, हर्षलाल/राममाया (सुन्दरबजार, पार्सी दोबाटो) १ लाख ५०५ र विभिन्न सहयोगीदाता महानुभाव र संघसंस्थाबाट गरी नगद मात्र झण्डै ३५ लाख सहयोग उठेको स्रोतको भनाई रहेको छ ।

त्यसैगरी भौतिक साधनमा विभिन्न ईंट्टा उद्योग समितिबाट २३ हजार ईंट्टा र सांसद कोषबाट निर्वाचन क्षेत्र नं. १० का सांसद राजेन्द्र कुमार केसीले ४० लाख नगद प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

समापन समारोहमा सम्बन्धित व्यक्तिलाई कलश वितरण गरिएको थियो ।

समापन कार्यक्रम प्रदेश नं ३ का सदस्य पुकार महर्जनको प्रमुख आतिथ्यमा भएको थियो ।

केन्द्रका अध्यक्ष दुर्गा कुमारी महर्जनको सभापतित्वमा भएको कार्यक्रममा सचिव हरिदेवी महर्जनले स्वागत गरेको थियो ।

## बैशाख ३० गते भोटो जात्रा

ललितपुर । देशकै सबभन्दा लामो जात्रा मच्छिन्द्र नारायणको भोटो जात्रा यही बैशाख ३० गते आइतबार हुने भएको छ ।

बिहीबार बसेको ज्योतिषहरुको बैठकले बैशाख ३० गते भोटो जात्रा देखाउने साइत जुरेको थियो । बैशाख ३० गते भोटो जात्रा गर्नुभन्दा अघि बैशाख २७ गते कुमारीपाटीमा रहेको रथलाई तानेर जावलाखेलमा पुऱ्याउने साइत जुराएको छ ।

बैशाख २७ गते जावलाखेलमा पुगेको ४ दिनपछि भोटो देखाउने प्रचलन रहेको छ ।

जात्रा बैशाख ४ गतेबाट सुरु भएको थियो ।



ललितपुरको गावहाल, मंगलबजार, सुन्धारा, लगनखेलमा परिक्रमा गरी कुमारीपाटी पुऱ्याइएको थियो । कुमारीपाटीमा नरिवल खसाल्ने कार्य सम्पन्न भैसकेको छ ।

## के तपाईंलाई थाहा छ ?



२०७५ साल जेष्ठ १ गतेदेखि कीर्तिपुर नगरपालिका क्षेत्रमा २०X३५ इन्च साइज र ४० र सो भन्दा कम माईक्रोन मोटाई भएका प्लास्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाउने नगर कार्यपालिकाको निर्णय



भएकोले ऐतिहासिक, धार्मिक, पुरातात्विक धरोहरहरुले भरिपूर्ण पर्यटकीय विकासको दृष्टिकोणले प्रचुर सम्भावना रहेको यस कीर्तिपुर नगरपालिकालाई प्रदुषणमुक्त शहर बनाउने तथा स्वच्छ कीर्तिपुर अभियानलाई सफल बनाउन सम्पूर्ण सरोकारवाला संघसंस्था एवं नगरवासीहरुको सहयोग र सद्भावको अपेक्षा गर्दछौं ।

**कीर्तिपुर नगरपालिका**

**स्वास्थ्य तथा फोहोरमैला व्यवस्थापन समिति**

## अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सुरु

रुपन्देही । भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा बैशाख १५ गते शनिबार अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन, २०१८ सुरु भएको छ ।

गोष्ठीको उद्‌घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीले गर्नुभयो ।

अठ्तिस देशको सहभागिता हुने भनिए पनि १६ देशको सहभागिता रहेको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा ७० जना अन्तर्राष्ट्रिय प्रतिनिधि रहेको लुम्बिनी विकासकोषको सचिवालयले जनाएको छ ।

गोष्ठीमा अमेरिका, जापान, भारत, इण्डोनेसिया, चीन श्रीलंकालगायत मुलुकका विश्वविद्यालयका प्रोफेसर, प्रकाण्ड बौद्ध धर्मगुरु सहभागी हुनुहुन्छ ।

सम्मेलनमा विभिन्न देशका बौद्ध विद्वानहरुले कार्यपत्र प्रस्तुत गर्ने र त्यसमाथि छलफल हुनेछन् ।

दुई दिनसम्म चल्ने सम्मेलनले लुम्बिनी घोषणापत्रसमेत जारी गर्नेछ ।

लुम्बिनी विश्वविद्यालयका उपकुलपति तथा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन समितिका संयोजक प्रा. डा. नरेशमान बज्राचार्यले विश्वका पुरातत्वविद् र बौद्ध विद्वानहरुले लुम्बिनीलाई गौतमबुद्धको जन्मस्थलको रुपमा संसारभर प्रचारप्रसार गर्ने बताउनुभयो ।

## स्थायी राजधानी सम्भाव्यता अध्ययन कार्यदल बनाएर अधिवेशन सम्पन्न

हेटौंडा । प्रदेश नं. ३ को प्रदेश सभाको प्रथम अधिवेशन शुक्रबार सम्पन्न भएको छ । सभामुख सानु श्रेष्ठले प्रथम अधिवेशन सम्पन्न भएको घोषणा गरेका हुन् ।

प्रथम अधिवेशनबाट स्थानीय तहका पदाधिकारीहरुको पारिश्रमिकसम्बन्धि विधेयक, स्थानीय तहका सभाहरु सञ्चालनसम्बन्धि विधेयक, विनियोजन विधेयक र आयव्यय सम्बन्धि विधेयक पारित गरेको छ । साथै प्रदेश नं. ३ का सभामुख सानु श्रेष्ठले प्रदेश राजधानी सम्बन्धि विविध प्रस्तावहरु आएको हुनाले प्रदेशको स्थायी राजधानीसम्बन्धि सम्भाव्यता अध्ययन गर्न १३ सदस्यीय कार्यदल बनाएको छ ।

कार्यदलमा एमालेबाट पाँच जना, माओवादी केन्द्र र काँग्रेसबाट दुई दुई जना र अरु पार्टीहरुबाट एक एक जना प्रतिनिधि सदस्यको रुपमा राखिएको छ ।

कार्यदलको संयोजक भने तोकिएको छैन ।

## ऐतिहासिक जनअन्दोलन २०४६ चैत्र २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत


# सहिद साप्ताहिक

वर्ष १५, अंक ५, २०७५ बैशाख २१ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहूँ हिटी युवा क्लव - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं


## सम्पादकीय...

## मार्क्सको द्विशतवार्षिकी

*विश्व सर्वहारा वर्गका महान् गुरु कार्ल मार्क्सको मे ५ अर्थात् बैशाख २२ गते दुई सय (२००) वर्ष पुग्दैछ ।*

*विभिन्न देशका कम्यूनिष्ट पार्टीहरुले मार्क्सको द्विशतवार्षिकी विभिन्न कार्यक्रम गरी मनाउँदैछन् । नेपालमा नेपाल मजदुर किसान पार्टीले पनि मार्क्स द्विशतवार्षिकीको अवसरमा वार्षिक रुपले विविध कार्यक्रम गरी मनाउँदैछन् ।*

*मे ५ अर्थात् बैशाख २२ गते नेमकिपाले ख्वप इन्जिनियरिङ्ग कलेजमा दिनको ११ बजेदेखि मार्क्स दिवस मनाउने कार्यक्रम तय गरेको छ । सो दिन पार्टीका नेता, कार्यकर्ता, प्राध्यापक, बुद्धिजीवी र पत्रकारहरुले प्रवचन गर्ने कार्यक्रम छ ।*

*कम्यूनिष्ट घोषणापत्र, मानव समाजको विकास पूँजीलगायत सयौं पुस्तक लेखी मानवलाई शोषणबाट मुक्त गर्न वैज्ञानिक समाजवादको आविस्कार गरेको थियो कार्ल मार्क्सले ।*

*आजको विश्व कम्यूनिष्ट आन्दोलन मार्क्सको देन र योगदानबाट अगाडि बढिरहेको छ ।*

*मार्क्सको वैज्ञानिक समाजवादको शिक्षाबाट पेरिस कम्यून, सोभियतसंघमा समाजवाद, चीन, उत्तर कोरिया, क्यूवालगायत देशमा क्रान्ति सम्पन्न भयो । ती देशहरु आज विश्वमै विकसित देशको रुपमा अगाडि बढ्न सफल भएको छ ।*

*वैज्ञानिक समाजवाद आर्थिक शोषणको अन्त्य, तेरो र मेरो भन्ने भेदको अन्त्य, उत्पादका साधनहरु राष्ट्रियकरण, काममामको ग्यारेन्टी, अनिवार्य र नि:शुल्क शिक्षा, नि:शुल्क स्वास्थ्य उपचार संसारका सबै नागरिहरु समानजनक जीउने अर्थात् कामदार वर्गको स्वर्ग हुने व्यवस्था हो ।*

*कार्ल मार्क्सको वैज्ञानिक समाजवादको सफलतामा फेडरिक एगेल्सको योगदान रहेकोले मार्क्सवादको सिद्धान्त, लेनिन र स्तालिनको योगदानलाई लेनिनवाद र माओत्से तुङ्ग विचारधारा विश्वकै कुना कुनामा गुन्जिरहेको छ । यस अवसरमा विश्वका न्यायप्रेमी जनताहरुमा समाजवादी आन्दोलन अगाडि बढाउन शुभकामना छ ।*

# निलम्बन आवश्यक- सुनुवाइ दुईतिहाइबाट पारित हुनुपर्ने

– प्रज्ज्वल

संघीय संसदको प्रतिनिधिसभा र राष्ट्रियसभा बैठक सञ्चालनसम्बन्धी तीनवटा नियमावलीको मस्यौदा तयारीको अन्तिम चरणमा छ । प्रतिनिधिसभाको बैठक सञ्चालन नियमावली, राष्ट्रिसभाको बैठक सञ्चालन नियमावली र संघीय संसदको संयुक्त बैठक कार्य सञ्चालन नियमावलीबारे छलफल टुंगिदैछ । प्रतिधिनिसभाको दोस्रो अधिवेशन बैशाख २३ गतेबाट सुरु हुँदैछ । संघीय संसद सचिवालयले वैशाख ३० गते दुवै सदनको बैठकबाट तीनवटै नियमावली पारित गर्ने प्रस्ताव तयार गरेको छ ।

सरकारलाई संघीय संसदप्रति जवाफदेही र उत्तरदायी बनाउन नियमावली महत्वपूर्ण हुन्छ । जनताका प्रतिनिधिले संघीय संसदमा उठाएका विषयमा सरकारबाट सम्बोधन हुने प्रावधान नियमावलीमा हुनु आवश्यक छ । संघीय संसद सरकारको रवर स्टाय्म्प होइन । नियमावलीले सरकारलाई निरंकुश हुन रोक्ने र प्रजातन्त्रलाई बलियो बनाउने काम गर्छ । नियमावली मस्यौदा समितिमा रहेका एमाले, नेका, माओवादी केन्द्रका सांसदहरू नियमावलीले सरकारलाई अंकुश लगाउने हो कि, सरकार फेरबदलमा आफू पनि मन्त्री हुन पाउने र त्यसबेला नियमावलीले अंकुश लगाउने हो कि आदि आशंका राखेर नियमावलीलाई कमजोर बनाउन खोज्दैछन् ।

### पूर्वबजेट छलफल र नीति कार्यक्रम - औपचारिकमात्र नहोस् !

नेपालको संविधान, २०७२ को धारा ८३ मा प्रतिनिधिसभा र राष्ट्रियसभासहित एक संघीय संसदको प्रावधान छ । संघीय संसदको संयुक्त बैठक वा अलग अलग बैठक हुनसक्छ । संविधानको धारा ९५ (१) अनुसार राष्ट्रपतिले संघीय संसदका दुवै सदनको बैठक वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न सक्ने छन् । धारा ९५ (२) अनुसार प्रतिनिधिसभाको निर्वाचनपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नेछन् । राष्ट्रपतिबाट धारा ९५ (२) अनुसार चैत १५ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन भएको थियो । संविधानको धारा ९५(२) अनुसार हुने राष्ट्रपतिको सम्बोधन पनि सरकारकै निर्णयमा हुने हुँदा संसदको छलफलको विषय बनाइनुपर्छ । तर चैत ... गतेको सम्बोधनबारे संसदमा छलफल चलाइएन ।

राष्ट्रपतिबाट धारा ९५ (२) अनुसारको सम्बोधन सरकारको नीति तथा कार्यक्रम हो । संविधानमा जेठ १५ गते संसदमा बजेट प्रस्तुत हुने प्रावधान छ । सांसदहरूले नीति तथा कार्यक्रममा दिने सुझावअनुसार बजेट तयार गर्नु सरकारको कर्तव्य हो । सरकारले पन्ध्र दिनअघि नीति तथा कार्यक्रम संघीय संसदमा प्रस्तुत गरेर सांसदहरूले दिएको सुझावअनुसार बजेट बनाउन समय अपुग हुन्छ । यसकारण आगामी वर्षदेखि बजेट अधिवेशन बैशाखको पहिलो हप्तामा सुरु गर्ने प्रावधान नियमावलीमा हुनु आवश्यक छ । संसद सचिवालयले प्रस्तुत गरेबमोजिम जेठ २ गते नीति तथा कार्यक्रम सुरु गर्न आवश्यक छ । सरकारले यो मितिलाई पछाडि धकेल्ने र सांसदको छलफललाई औपचारिकतामा सीमित गर्नु हुँदैन ।

संसदमा छलफल हुने बजेटको सिद्धान्त र प्राथमिकता तथा नीति एवं कार्यक्रमबारे छलफल पनि औपचारिकमात्र हुनुभएन । अहिलेसम्म औपचारिकतामै सीमित गराईदैछ । यसकारण संसदको प्रभावकारिता भएन । संघीय संसदको दुवै सदनको एक दिन बैठक राख्न करौडौं रुपैयाँ खर्च लाग्छ । संसद बैठक औपचारिकतामा सीमित गर्नु आर्थिक अपराध पनि हो । सरकार यतातर्फ सम्वेदनशील र गम्भीर हुनु आवश्यक छ । सचिवालयले धारा ९५ (१) अनुसार राष्ट्रपतिबाट संघीय संसदको संयुक्त बैठकमा बैशाख ३१ गते सम्बोधन हुने प्रस्ताव तयार गऱ्यो । तर सरकारले जेठ १ गते राष्ट्रपतिबाट सम्बोधन गराउन भनी संसदको प्रस्तावलाई उल्लंघन गर्न खोज्दैछ ।

### घाटा बजेट पेश गर्न नपाउने प्रावधान आवश्यक

संविधानको धारा १०१ मा राष्ट्रपति वा उपराष्ट्रपतिविरुद्धको महाभियोग, धारा ११९ मा राजश्व र व्ययको अनुमान (बजेट) र धारा १११ मा राष्ट्रियसभाले पारित गरेको तर प्रतिनिधिसभाले अस्वीकार गरेको वा प्रतिनिधिसभाले संशोधनसहित राष्ट्रियसभामा फिर्ता पठाएको तर राष्ट्रियसभा सो संशोधनमा सहमत हुन नसकेको विधेयक दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत हुने प्रावधान छ ।

संविधानको धारा २७३ (४) अनुसारको सङ्कटकाल घोषणाको अनुमोदन, धारा २७५ अनुसारको जनमत संग्रहमा जाने विषय, धारा २७९ (२) अनुसारको सन्धि-सम्झौताको अनुमोदन, धारा २७४ (७) अनुसारको संविधान संशोधन दुवै सदनमा दुई तिहाइ बहुमतबाट पारित गर्ने प्रावधान छ । नियमावलीमा यी विषय उल्लेख हुने नै भयो ।

संसदलाई प्रभावकारी बनाउन बैठकमा एकजना मन्त्रीको सट्टा एकतिहाई मन्त्री उपस्थित हुनुपर्ने, शुन्य समय एक मिनेटको सट्टा दुई मिनेट हुनुपर्ने, सांसदले उठाएको विषय सम्बन्धित मन्त्रीले दश दिनको सट्टा तीन दिनभित्र सम्बोधन गर्नुपर्ने, प्रधानमन्त्रीसँग सम्बन्धित मन्त्रालयको जवाफ मन्त्रीलाई दिन लगाउन नहुने प्रधानमन्त्रीले नै दिनुपर्ने, मन्त्रीहरूले एक महिनाभरि दिएको जवाफबारे महिनाको अन्तिम साता बैठकमा छलफल गर्नुपर्ने, राजश्व र व्ययको अनुमान (बजेट) घाटा पेश गर्न नहुने, समितिका सभापतिमा ५१ प्रतिशत कामदार वर्गका महिला सांसद सभापति हुनुपर्ने, संसदका समितिले दिएको निर्देशन सरकारले कार्यान्वयन गरी अविलम्ब जानकारी दिनुपर्ने, विधेयकबारे दफाबारे छलफल समितिमै गर्नुपर्ने उपसमिति गठन गर्न नहुने, एनजीओ र आईएनजीओमा संलग्न भएकालाई विशेषज्ञको रुपमा समितिमा बोलाउन नहुने, सन्धि-सम्झौताको पूर्ण विवरण सरकारी कामकाजको भाषामा अनुवाद गरी सदस्यलाई उपलब्ध गराउनुपर्ने प्रावधान नियमावलीमा आवश्यक छ ।

### फौजदारी अभियोग लागेका सदस्य निलम्बन हुनुपर्ने

नियमावली मस्यौदामा कुनै सदस्यउपर प्रचलित कानुनबमोजिम तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोगपत्र दायर भई निज पूर्पक्षको लागि थुनामा रहेकोमा त्यस्तो थुना अवधिभर वा कुनै सदस्यलाई फौजदारी मुद्दामा अदालतको अन्तिम फैसलाले कैदको सजाय हुने ठहर भएकोमा त्यस्तो कैदमा बस्नुपर्ने अवधिभर त्यस्तो सदस्य स्वत: निलम्बन भएको मानिने उल्लेख छ ।

नेकाले बैठकमा उल्लेखित प्रावधान हटाउनुपर्ने अडान राख्यो । फौजदारी अभियोगमा फक्राउ पर्नेबित्तिक्कै कुनै सदस्य निलम्बन हुने प्रावधान उपयुक्त नभएको नेकाको जिकिर थियो । निलम्बनको प्रावधान खारेज गर्नुपर्ने मत राजपा र फोरमको पनि थियो । माओवादी केन्द्रले सुरुमा निलम्बनको प्रावधान राख्नुपर्ने मत जाहेर गरेको थियो भने दुई-तीन बैठकपछि निलम्बन प्रावधान खारेज गर्नुपर्ने नेकाकै अडानलाई समर्थन गऱ्यो । संघीय संसदलगायत प्रदेश र स्थानीय तहमा अपराधीहरूलाई जनप्रतिनिधि बनाउने प्रावधान ऐन र नियममा राख्नु हुँदैन । फौजदारी अभियोगमा पक्राउ परेका कर्मचारी पनि निलम्बन हुने र जनप्रतिनिधिहरू पनि स्वत: निलम्बन हुने प्रावधान आवश्यक छ ।

### निलम्बन, सुनुवाई र समितिको संख्यामा लेनदेनको खतरा !

प्रतिनिधिसभा नियमावलीको सुरु मस्यौदामा विषयगत समिति सातवटा गठन गर्ने प्रावधान थियो । पछि एमाले र माओवादी केन्द्रले दशवटा समिति बनाउने प्रस्ताव गरे । यो प्रस्तावलाई नेकाले विरोध गऱ्यो । यसअघि संसद ६०१ जनाको थियो । त्यसबेला १२ वटा समिति गठन गर्ने प्रावधान थियो । अहिले दुवै सदनमा गरी ३३४ जना सदस्य छन् । प्रतिनिधिसभामा दश र राष्ट्रिय सभामा चार गरी चौध समिति आवश्यक नहुने नेकाको तर्क थियो । बैशाख १२ गतेको मस्यौदा समितिको बैठकमा नेकाले समितिको संख्याबारे सम्झौता गर्न सक्ने बतायो ।

संविधाननको धारा २९२ मा प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्तिका लागि प्रस्ताव गरिएकाको संसदीय सुनुवाईको प्रावधान छ । संसदीय सुनवाई समितिमा प्रतिनिधिसभाका १२ जना र राष्ट्रियसभाका ३ जना गरी पन्ध्र सदस्य हुनेछन् । संयुक्त बैठक सञ्चालन नियमावलीमा गणपूरक संख्या एक तिहाई आवश्यक हुने र कुनै प्रस्ताव दुई तिहाइ बहुमतबाट अस्वीकृत नभएमा अनुमोदन भएको मानिने उल्लेख छ । पन्ध्र जनाको समितिमा एक तिहाई अर्थात् पाँच जनाको उपस्थितिमा बैठक हुने प्रावधान उपयुक्त होइन । बैठक सञ्चालनको लागि ७५ प्रतिशत सदस्य उपस्थित हुनुपर्ने गणपूरक संख्या आवश्यक हुन्छ । संवैधानिक निकायका प्रमुख र सदस्यहरूको नियुक्तिको लागि दुई तिहाईबाट पारित गर्नुपर्ने प्रावधान आवश्यक छ ।

नेका र एमालेले संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष प्रतिनिधिसभाको विपक्षी दलका नेता, उपसभामुख हुने हुँदा दुई तिहाई बहुमतबाट अस्वीकार गर्नुपर्ने प्रावधान नै उपयुक्त हुने अडान राखे । माओवादी केन्द्र र फोरमले सुरुमा यो प्रावधानको विरोध गरे पनि अन्तत: एमालेकै सभापतिको जिम्मा लगाए । राजपा विपक्षमा बस्यो ।

संवैधानिक परिषद्कै सिफारिसमा नियुक्ति भएका तत्कालीन अख्तियार प्रमुख लोकमानसिं कार्कीविरुद्ध संसदमा महाभियोग प्रस्ताव प्रस्तुत भयो भने यसअघिको प्रधानन्यायाधीश गोपाल पराजुलीको जन्म मिति पाँचथरीको फेला पऱ्यो । यसले सुनवाई समितिको विश्वसनीयतामाथि प्रश्न उठ्यो । यी विषयहरूमा संसद गम्भीर हुनैपर्छ । तर एमाले, नेका, माओवादी केन्द्रलगायतले संसदलाई एक पटक फेरि सरकारको रवर स्टाय्म्प बनाउन खोज्दैछन् ।

२०७५ बैशाख १७ गते

# 'मृत्यु शैय्यामा छट्पटाइरहेको पूँजीवादको मृत्यु निश्चित छ'



– सुरेन्द्रराज गोसाईं

विश्वका कामदार जनता अत्यन्त उत्साहका साथ, संघर्षशील भावनाका साथ यसरीनै गतिविधि गर्दैछन् । हामी ती प्रगतिशील तथा क्रान्तिकारी जनताप्रति हार्दिक ऐक्यबद्धता प्रकट गर्दछौं । साथै सम्पूर्ण नेपाली मजदुर-किसान तथा दाजुभाइ-दिदीबहिनीहरुमा मई दिवसको भावना आत्मसात् गर्दै नयाँ संघर्षको तयारीमा जुटौं भन्ने अपिल गर्दछु ।

रुसी अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी विश्वभर अनेकौं गतिविधिका साथ उल्लासमय वातावरणमा हालै मात्र सम्पन्न भयो । विश्वका श्रमजीवी जनताले खुशी मनाए, समाजवादका पक्षधर या समर्थक, चिन्तक तथा बौद्धिकहरुले बहस, छलफल एवं चर्चा-परिचर्चा गरे र समाजवादको महत्व उजिल्याए । विश्व मजदुर आन्दोलनले नयाँ ऊर्जा हासिल गऱ्यो, साम्राज्यवादविरोधी संघर्षले थप तागत प्राप्त गऱ्यो र न्यायप्रेमी तथा शान्तिकामी जनताले नयाँ बिहानीको किरण भेटाए । विश्व समाजवादी आन्दोलन नयाँ नयाँ उपलब्धि चुम्दै, सफलता हासिल गर्दै अगाडि बढिरहेको र रक्षात्मक स्थितिबाट माथि उठ्ने सत्प्रयाश गरिरहेको अनुभव गरिंईदैछ । विश्वको मजदुर वर्गीय आन्दोलन नागबेली बाटो हुँदै अगाडि बढिरहेको वास्तविकता हो र यो अब रोकेर रोकिन्न ।

यो वर्ष विश्व सर्वहारावर्गका महान् गुरु कार्ल मार्क्सको जन्मको दुई शताब्दीको वर्ष हो । विश्वका परिवर्तनवादी, मुक्तिकामी, प्रगतिशील समुदाय, क्रान्तिकारी जनता तथा कामदार वर्ग कार्ल मार्क्सप्रति असीम श्रद्धा व्यक्त गर्दैछन् र मार्क्सवादको अजेय हतियारलाई अझ धारिलो बनाउँदै आमूल परिवर्तनको निम्ति झन् सशक्त आन्दोलन उठाउने तयारीमा जुट्दैछन्, क्रान्तिको लागि अनुकूल परिस्थिति निर्माण गर्दैछन् ।

आजभन्दा १३५ वर्ष अगाडि कार्ल मार्क्सको देहावसान भएसँगै वर्नस्टिन र उनका आधुनिक संस्करणहरुले मार्क्सवादलाई असान्दर्भिक सिद्ध गर्ने र असफल बनाउने कयौं कुचेष्टा गरे, बारम्बार हमला गरे । तर समयले तिनीहरुलाई धोकेबाज ठहऱ्याउँदैछ, गलत सावित गर्दैछ ।

आज विश्व पूँजीवाद चरम् संकटबीच गुज्रिईदैछ । पूँजीवाद पाइला-पाइलामा ठक्कर खाँदैछ, पल पलमा हार बेहोर्दैछ । पूँजीवाद अफ्रिका, एशिया, ल्याटिन अमेरिकामा असफल सावित भइरहेको छ । युरोप स्वयं अशान्त एवं अस्थीर छ । संरा अमेरिका आज आफै आतंकित छ र त्यहाँका जनता आफ्नै शासक देखेर लज्जित छन् र तिनको कार्यशैलीप्रति असन्तुष्ट छन्, तिनको विग्रंदो छविका कारण हिनताबोधले ग्रस्त छन् र जनताबीच निराशा व्यापक छाएको छ । यसको विपरित समाजवादी देशहरु विश्व मानव समुदायको हितलाई लक्षित गर्दै पाइला चाल्दैछन् र हरेक हिसावले परिपक्वता देखाउँदैछन् । विश्व पूँजीवाद खोक्रो बन्दै गइरहेको, जीर्ण हुँदै गइरहेको जति यथार्थ हो समाजवादले समृद्धिको यात्रा तय गरिसकेको, साझा उद्देश्य हासिल गर्ने संकल्पकासाथ लम्किसकेको त्यति नै साँचो हो । पूँजीवादले जन्मँदै बोकेर ल्याएका खराबीका कारण त्यसप्रतिको घृणा उत्कर्षमा पुग्दैछ र समाजवादको अवश्यंभाव्यताप्रति जनताको विश्वास बढ्दो छ । साम्राज्यवादको कुरुपता, निर्ममता, अमानवीयता, दानवीय चरित्र र नरसंहारकारी युद्धका कारण विश्वका न्यायप्रेमी तथा शान्तिकामी जनता हैरान भइसकेका छन् । तिनीहरुको आक्रोश बढ्दो छ र बदला लिन तम्सिसकेका छन् । साम्राज्यवादीहरु आफ्नै घरभित्र आफ्नै जनताबाट घेरिईदैछन्, चर्को दवाव झेल्दैछन् । र अन्तर्राष्ट्रिय दबुमा बद्नामी कमाउँदैछन् । अन्तर्राष्ट्रिय परिस्थिति समाजवादको पक्षमा तयार हुँदैछ भन्नेमा अब कुनै शंका छैन । समाजवादको यो लहर समाजवादको यो उभारलाई अब विश्वको कुनैपनि तागतले रोकेर रोक्न सक्ने छैन । मार्क्सवादको मृत्युको उत्सव मनाउन हतारिएकाहरु, समाजवादको शवदहन भएको घोषणा गरी हाँसेकाहरु कति मूर्ख थिए, कति झुठा थिए आज विश्व अनुभव गर्दैछ । तिनीहरुको त्यो पागलपनप्रति आज विश्व हाँस्दैछ । आफ्नो अपराधको कर्म आज तिनीहरु भोग्दैछन् । यो मार्क्स र मार्क्सको विचार तथा सिद्धान्तको विजय हो ।

नेपाल मजदुर किसान पार्टी मार्क्सवादी लेनिनवादी विचारअनुसार समाजवादी व्यवस्था यो नेपाली भूमिमा स्थापना गर्ने उद्देश्यका साथ संघर्षरत छ । एमाले, माओवादीजस्ता नक्कली कम्युनिष्ट, संशोधनवादी तथा अवसरवादीहरुविरुद्ध वैचारिक तथा सैद्धान्तिक संघर्ष निरन्तर चालू छ । ती क्रान्तिविरोधीहरुलाई छ्यास्नु र उदाँग्याउनु स्वयं क्रान्तिको सेवा हो र मार्क्सवादको प्रतिरक्षा हो । तिनीहरुप्रति उदार हुनु, नरम हुनु स्वयं आत्मसर्म्पणवाद हो । ती हरियो घाँसभित्र लुकेका सर्पलाई पाल्नु, पोस्नु भनेको क्रान्तिप्रतिको बेइमानी हो । मार्क्सवाद, लेनिनवाद र तथाकथित 'माओवाद' को झण्डा बोकेर पूँजीपति वर्गको सेवा गर्नु र विश्व साम्राज्यवादअघि लम्पसार पर्नु अक्षाम्य अपराध हो । त्यसविरुद्धको संघर्षलाई अझ तेज एवं तीब्र बनाउनु हाम्रो जिम्मेवारी हो । निश्चय पनि यो संघर्ष सरल हुन असंभव छ ।

क्रान्तिविरोधीहरुसँग सैद्धान्तिक संघर्ष गरिरहँदा हामीमाथि पनि हमला हुनु आश्चर्य होइन । पूँजीवादी व्यवस्थालाई चर्को ढंगमा छ्यासिरहँदा, नाफाखोर तथा दलाल पूँजीपतिहरुलाई उदांग्याइरहँदा र तिनीहरुका सारा अश्त्र-शस्त्र हामीविरुद्ध पनि सोझिनु स्वाभाविक छ । भारतीय एकाधिकार पूँजी र त्यसका दलालहरुविरुद्ध निर्भिकतापूर्वक संघर्ष गरिरहँदा हामीमाथि अनेकौं जालझेल हुनु कुनै अनौठो होइन । संरा अमेरिकी साम्राज्यवादविरुद्ध अदम्य साहसका साथ अविचलितरुपमा प्रस्तुत भइरहँदा हामीप्रति कोही किन नरम बनून्, किन सहलान् तिनका भक्तहरु, सेवकहरुले ? आस्था, विचार अनि नैतिकतामा अडिग भइरहँदा अवसरवादीहरु किन आतंकित नबन्लान् ?

तर हामी विचल्लित हुँदैनौं, धैर्य भुल्दैनौं र संघर्ष त्याग्दैनौं । एक्लैले भएपनि सिद्धान्तको रातो झण्डा फहराइरहनेछौं, विचारको बलियो मुठ्ठी कस्सिरहनेछौं, मुक्तिको गीत गाइरहनेछौं र समाजवादको विराट् पथमा लम्किरहनेछौं । बदला स्वरुप सारा प्रतिक्रियावादीहरु मिलेर हामीलाई दुई-चार निर्वाचनमा हराउलान्, राष्ट्रिय मान्यता नदिने तयारी फैसला सुनाउलान्, जेल-नेलको यातना फेरि दिने तयारी गर्लान् तर हाम्रो विचार मर्ने छैन । हाम्रो आन्दोलन कदापि हार्नेछैन । अन्तिम विजय जनताको हो, अन्तिम जीत हाम्रै हो । मृत्यु शैय्यामा छट्पटाइरहेको पूँजीवादको मृत्यु निश्चित छ ।

नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा व्यक्त मन्तव्य ।



# 'समृद्धिको नारा- शासक दलहरूको सत्तामा उक्लिने भऱ्याङ'

- सृजना सैंजू

जुन देशको अर्थतन्त्र कमजोर छ त्यहाँ मजदुरहरुलाई हातमुख जोड्न मुस्किल हुन्छ । जुन देशमा मजदुरहरु भोका रहन्छन् र मजदुरहरुको सम्मान गरिन्न, जुन देशका मजदुरहरुलाई सस्तो ज्यामीको रुपमा विदेश जान बाध्य पारिन्छ त्यो देशको अर्थतन्त्र हिउँदमा खहरे सुकेजस्तै सुक्छ । जुन देशको अर्थतन्त्रले नाफा र पूँजीको मात्र पक्ष लिन्छ त्यो अर्थतन्त्रले मजदुरहरुको चरम शोषण गर्छ । जुन अर्थतन्त्रले नीजिकरण, भूमण्डलीकरण र नवउदारवादको पक्षपोषण गर्छ त्यो अर्थतन्त्रले मजदुरहरु र मालिकबीच चरम असमानता र भेद खडा गर्छ । पूँजीवादी अर्थतन्त्र र समाजवादी अर्थतन्त्रबीचको संघर्ष एउटा वर्गसंघर्षकै रुप हो । जबसम्म समाजवादी अर्थतन्त्र लागू हुँदैन, जबसम्म उत्पादनका मूख्य मूख्य साधनहरुको सामाजिकीकरण गरिँदैन तबसम्म मजदुरहरुको पूर्ण मुक्ति असंभव हुन्छ । विभिन्न देशको अनुभवले बताउँछ कि आत्मनिर्भरता विना, आफ्नै उत्पादन विना अर्थतन्त्र समाजवादउन्मूख हुने गर्दैन । काम माम कपडाको ग्यारेण्टि विना, श्रमको उचित सम्मान नगरी, मजदुरलाई योग्यताअनुसारको काम र काम अनुसारको ज्यालाको बन्दोवस्त नगरी देशको अर्थतन्त्र समाजवादउन्मूख हुने गर्दैन । तर यतिखेर देशका शासक दलहरु समाजवादउन्मूख अर्थतन्त्रको रटान लगाइरहेका छन् ।

यो पटक समृद्धिको नारालाई शासक दलहरुले सत्तामा उक्लिने भऱ्याङ बनाए । समृद्धि हिमालबाट हिउँ पग्ली पानी झरेझैं झर्दैन । नयाँ बजेट बन्दैछ केन्द्र र प्रत्येक प्रदेशहरुमा । अब पनि अनुदान, ऋण, भीखले अर्थतन्त्र धान्ने कुरा चल्दैछ । अर्थमन्त्री आफै बोलिरहेका छन् कि सरकारको ढुकुटी रित्तो छ । देशको अर्थतन्त्र तस्करको हातमा पुगिसक्यो । रित्तो ढुकुटीबाट समृद्ध देशको कल्पना कसरी सम्भव हुन्छ ? मगन्ते प्रवृत्तिले देश समृद्ध बनाउन के सकिन्छ ? आज प्रत्येक नेपालीको टाउकोमा चौबीस हजार एकसय सतचालिस रुपैयाँको ऋणभार छ र त्यो दिनानुदिन बढ्दैछ । आन्तरिक स्रोतको पहिचान छैन । हामीले सुन्यौं केही समयअघि शासक दलका नेताहरुबीच नेपाललाई अति कम विकसित देशको सूचिमा राख्ने विषयलाई लिएर विवाद भयो, वैदेशिक ऋणको ढोका बन्द होला भनेर त्यसो गरेको निसंकोच स्वीकारे । यसरी विदेशी ऋण, अनुदानको बैशाखी टेकेर देश समृद्ध हुन सक्दैन ।

हामी विकास, समृद्धिका विरोधी होइनौं । तर २८ वर्षमा पालैपालो सरकारमा गएका एमाले, माओवादी, कांग्रेसलगायतका दलले बारम्बार छलछाम गरी धोका दिइरहेका छन् । जनताको आँखामा छारो हालिरहेका छन् ।

देश समृद्ध हुन भोकमरी, गरीबी हट्नुपर्छ । आज करिब ८० प्रतिशत नेपाली जनता गरीब छन् । ४० प्रतिशत नेपाली गरीबीको रेखामुनी छन् । बाँच्नका लागि चाहिने न्यूनत्तम आधारभूत आवश्यकता गाँस, बास र कपासको अभावमा बाँच्न बाध्य छन् । शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुलीबाट जनता बञ्चित छन् । समृद्धिको नारा नेपालको अहिलेको सन्दर्भमा पहिलो पाइला नचाली शिखर चुम्ने सपनाझैं भएको छ । देश समृद्ध हुन जनताको प्रतिव्यक्ति आम्दानी उच्च हुनुपर्छ । अन्तराष्ट्रिय मान्यताअनुसार न्यूनत्तम पनि १२ हजार २ सय ३६ अमेरिकी डलर हुनुपर्छ । नेपालको हाल प्रतिव्यक्ति आम्दानी रु. ८००।- मात्र हो । न्यूनत्तम आवश्यकता पनि पूरा भएको छैन । देश समृद्ध हुन उत्पादन वृद्धि हुनुपर्छ । अर्थतन्त्र निर्यातमुखी हुनुपर्दछ । उपलब्ध प्राकृतिक स्रोत र साधनमाथि अधिकत्तम उपयोगिता सृजना गर्नुपदर्छ । यहाँ प्राकृतिक स्रोत तथा साधन विदेशीलाई दिइएको छ । सालाखाला ९५ रुपैयाँको आयात हुँदा बल्ल ५ रुपैयाँ निर्यात हुन्छ । व्यापार घाटा ६ खर्व १० अर्बको छ । भारतीय एकाधिकार पूँजी नेपाली बजारमा साँढे झैं पसिरहेको छ । भारतसँग मात्र चालूवर्षको सात महिनामा ४ खर्व १४ करोड ४९ लाख रुपैयाँको व्यापार घाटा छ । शासक दलहरु भारतीय एकाधिकार पूँजीको सेवक र दलाल भएका छन् ।

नेपाललाई हामी कृषिप्रधान देश भन्छौं । तर देश सबैभन्दा बढी खाद्यान्नमा परनिर्भर छ । हिजो कूल गार्हस्थ उत्पादनमा कृषिले झण्डै ८० प्रतिशत योगदान गर्थ्यो भने आज २८.९ प्रतिशतमा झरेको छ । कृषि अर्थतन्त्रलाई आधार बनाई कृषिसँग जोडिएका उद्योगहरुको संचालन तथा आधुनिकीकरणबाट मात्र मजदुरहरुको हित हुन्छ ।

समृद्धिका लागि भ्रष्टाचार जरैदेखि उन्मूलन हुनुपर्छ । भ्रष्टाचारको कारण देशले बदनामी कमायो । प्रधानमन्त्रीजस्तो जिम्मेवार मान्छे कालो धनलाई सेतो बनाउनु पऱ्यो भनी बर्बराउँदै हिंडेका छन् । कालो धनलाई सेतो बनाउनुपऱ्यो भन्नुको अर्थ शोषकहरुलाई अझ बढी शोषण गर्ने तथा भ्रष्टाचार गर्ने छूट दिनु हो । अबैध धन कमाउनेहरुलाई अझ जनताबाट लुट्न अनुमति दिनु हो । त्यतिमात्र होइन ठेकेदारहरुलाई बजेट सकाऊ, छिमेकी देशमा लुक्न जाऊ तर सडक, पुल नबनाएपनि हुन्छ भन्नु हो । भ्रष्टाचार र लुटतन्त्रको देशमा समृद्धिको कल्पना केवल दिवास्वप्न हो ।

समृद्धिका लागि आर्थिक वृद्धिदर उच्च हुनुपर्ने सामान्य नियमनै हो । शासक दलहरुले दुई अंकको आर्थिक वृद्धिदर २० प्रतिशत, २५ प्रतिशत पुऱ्याउने फलाकोबाजी नगरेका होइनन् । तथ्याङ्कको आधारमा आर्थिक बृद्धिदरको मुल्याङ्कन गर्ने हो भने १९८४ मा ९.६ प्रतिशत थियो । १९९४ मा ८.२ प्रतिशत हुँदा १० वर्षमा १.४ प्रतिशतले कमी भयो । अहिले देशको आर्थिक वृद्धिदर ७.९ प्रतिशत छ । विश्व बैंकको प्रक्षेपणअनुसार अर्को वर्षमा ५ प्रतिशत मात्र हुन्छ । तथ्याङ्क मिथ्याङ्क हुन्छ भनिन्छ । भरपर्दो स्रोतबाट प्राप्त जानकारीअनुसार अहिलेको साँचो आर्थिक बृद्धिदर जम्मा २.५ प्रतिशत छ । अनि यो आर्थिक वृद्धिदरले ५ वर्षमा समृद्धि के सम्भव छ ?

देशको प्रमुख श्रम शक्ति युवा हो । करिब ७० लाख युवा मजदुरहरु विदेशी भूमिमा आफ्नो पसिना र रगत बगाउन बाध्य छन् । युवाहरुलाई विदेश जान बाध्य पार्ने र त्यो बाध्यतामाथि व्यापार गर्ने अरु कोही नभएर शासक दलहरु नै हुन् । क्रान्ति रोक्ने, परिवर्तनको आवाज रोक्ने उद्देश्यले यसो गरिएको थियो । देशलाई आर्थिक रुपमा उठ्नै नदिने विदेशी पूँजीका दलालहरुको त्यो ठूलो षडयन्त्र थियो । कर्मठ युवा, जोशिला पाखुराको अभावमा देश कसरी समृद्ध हुन्छ ? तथ्याङ्कको रेखाचित्र अध्ययन गर्ने हो भने १९९४ देखि २०१८ सम्म विदेशी भूमिमा रगत पसिना बगाउन जाने मजदुरको संख्याले ठाडो उकालो चढिरहेको छ । सन् १९९४ मा १ लाख ९० हजार, सन् २०१४ मा ५० लाख र सन् २०१८ मा ७० लाख मजदुरहरु विदेश जान बाध्य भए । यसले देशको अर्थतन्त्रमा ठूलो नकारात्मक असर पारेको छ । देशको रेमिटेन्स २००६ बाट २०१६ सम्ममा दोब्बर भयो होला । अहिले कूल गार्हस्थ आम्दानीमा ३२.१ प्रतिशत योगदान रेमिटेन्सले गर्छ । तर रेमिटेन्सले धनी हुनु भनेको मोटाउन होइन सुन्निनु हो र सुन्निनु भनेको रोग हो । रेमिटेन्सले धानेको देश आत्मनिर्भर हुने गर्दैन । त्यसले आफ्नो उत्पादनको स्रोत अझ सुकाउँदै लान्छ । रेमिटेन्सले गर्दा लगानीभन्दा बचत धेरै हुन थालेको तथ्याङ्कले देखाउँछ । देशको कूल बचत ४३ प्रतिशत र लगानी २० प्रतिशत मात्र छ । २० प्रतिशतमा पनि १५ प्रतिशत लगानी नीजि क्षेत्रको र ५ प्रतिशत मात्र सरकारी लगानी रहेको देखिन्छ । ५ प्रतिशत लगानी पनि अनुत्पादक क्षेत्रमा हुँदा नेपाली मजदुरहरुले काम पाएनन् र विदेशिन बाध्य भए । ७० लाख युवाहरुलाई स्वदेश फर्काएर स्वदेशमै श्रम गर्ने, देशको बाँझो खेत जोत्ने वातावरण बनाउने योजना बन्छ कि बन्दैन भन्ने प्रश्न महत्वपूर्ण हो ।

शासक दलहरुले निजीकरणको नाउँमा देशका महत्वपूर्ण उद्योग तथा कलकारखाना कौडीको मूल्यमा बिक्री गरे । सरकारको स्वामित्वमा रहेका उद्योग एक एक गरी भारतीय पूँजीपतिको हातमा सुम्पे । समाजवादी देशहरुले देश आत्मनिर्भर बनोस् भन्ने उद्देश्यले दिएका ती कारखाना ध्वस्त बनाएर भारतनिर्भरताको यात्रा तय गरे । शासक दलहरुले साना तथा मझौला उद्योगहरुको स्थापनाको सट्टा देशको अर्थतन्त्रलाई टाटपल्टाइतिर लान कुनै कस्सर बाँकी राखेनन् । शहर र गाउँबीचको भेद हट्ने उत्पादनमूलक उद्योग नीतिको आवश्यकता छ ।

देशको अर्थतन्त्रले कुनैपनि नाकावन्दीसँग लड्ने र प्राकृतिक प्रकोप र विपत्तिको क्षति तुरुन्तै पूर्ति गर्न सक्ने सामर्थ्य विकास गरेपछि देश समृद्ध हुन्छ । २०७२ को भूकम्प र भारतको नाकावन्दीले अर्थतन्त्र मात्र जीर्ण बनाएन शासक दलहरुको नालायकीपन उदाँगियो ।

देशका ठूलठूला नदीनाला भारतलाई सुम्पेका शासक दलहरु पाँच वर्षमा ५ हजार र दस वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गरेर देखाउँछौं, रेल गुडाउँछौं, पानी जहाज चलाउँछौं भन्ने गफ दिन्छन् । आज पनि अधिकांस जनता कति अभावमा बाँचेका छन् भन्ने कुरा चुनावमा मात्र गाउँ फर्कने र बाँकी समय राजधानीको वास नछोड्ने नेताहरुको दिमागले भ्याउँदैन ।



आर्थिक समृद्धिको लागि मुद्रास्फिति निकै कम हुनुपर्दछ । अहिले ९ प्रतिशत छ । यो भनेको निकै उच्च हो । राजनीतिक नेतृत्व र कर्मचारी नेतृत्व सक्षम हुनुपर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा समृद्धिका लागि असल राजनीति, कुशल नेतृत्व र बृहत दृष्टिकोण हो । कमजोर संरचना र पराधीन मानसिकताको नेतृत्वको भरमा समृद्धिको घर कसरी बन्न सक्छ ? समृद्धिका लागि देश आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक रुपमै आत्मनिर्भर हुनुपर्छ । पूँजीवादको यो विकृति र प्रदूषित वातावरणमा समृद्धिको तुषा पनि पलाउँदैन । असमानताको जगमा त समृद्धि उभिनै सक्दैन । त्यसकारण समतामूलक समाजको निर्माण पछि मात्र वास्तविक समृद्धि सम्भव छ । समाजवादले हुर्काउने र समाजवादलाई बलियो बनाउने समृद्धिको हामी पक्षपाती हौं । समानतासहितको सुसंस्कृत तथा समृद्धशाली समाज हाम्रो लक्ष्य हो र त्यो समाजवादको स्थापनासँगै मात्र संभव हुन्छ ।

समृद्ध देश बनाउने मानवीय स्रोत भनेकै मजदुर हुन् । मानवीय पौरख तथा स्रोत विदेशलाई सुम्पेर देश समृद्ध बन्दैन । मानवीय शक्तिको अभावले समृद्धि होइन दरिद्रता जन्माउँछ । त्यसकारण मई दिवस मनाउनुको अर्थ सम्पूर्ण मजदुरहरुलाई एकजूट बनाई पूँजीवाद र यसका सम्पूर्ण अवयवहरुलाई जरैदेखि उखेलेर फाल्न संघर्ष थाल्नु हो । यो श्रम र पूँजीबीचको संघर्षको श्रृखंला पनि हो । जबसम्म शोषण रहन्छ मजदुर आन्दोलन र विद्रोह पनि कायम रहन्छ । तसर्थ श्रमिक दिवसको आवाज वास्तविक समृद्धिलाई रोक्ने पूँजीवादी अर्थतन्त्रविरुद्धको आवाज हो र हुनुपर्दछ ।

(नेपाल क्रान्तिकारी मजदुर संघको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन समारोहमा व्यक्त मन्तव्य ।)


KIPU SCIENTIFIC TRADERS
(SCIENCE & SURGICAL HOUSE)
Kirtipur Branch, Nayabazar
Head Office: Tripureshwor, Ph. No.: 014252365
Email: shankarmaharjan39@gmail.com, Mob. No.: 9851007840, 9841301590

अब कीर्तिपुरमा



हाम्रो सेवाहरू:
१) SCIENCE LAB को लागि चाहिने सम्पूर्ण सामानहरू
२) HOSPITAL, CLINIC, PATHOLOGY LAB का साथै SURGICAL सम्बन्धि सम्पूर्ण सामानहरू
३) तितेपाती (ARTEMESIA) तेलका साथै विभिन्न जडिबुतीका तेलहरू
४) बैज्ञानिक अनुसन्धान, शैक्षिक प्रयोगशालाका ग्लास, उपकरणहरू डिजाइनिङ्ग, उत्पादन तथा मर्मत
५) MATH LAB को लागि चाहिने आवश्यक सामानहरू

स्थान : शहीद स्मारक कलेज जाने बाटो
कीर्तिपुर गेटसँगै, नयाँबजार
सम्पर्क नं. : ९८५१००७८४०, ९८४१३०१५९०
त्रिपुरेश्वर शोरुम : ०१-४२५२३६५

Deals in: Lab Chemicals, Glassware, Apparatus, Surgical, Veterinary, Agriculture, Research, Industries, School, Campus, Hospital Equipments etc.

## राजेन्द्र चवाल.....

या झगडा गर्नु पूँजीवादी प्रवृत्ति भएको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेंले भन्नुभयो- 'पदमा बस्दैमा सबै थाहा हुने र नबस्दैमा केही थाहा नहुने भन्ने होइन, अयोग्य र स्वार्थीहरूलाई पदमा राख्नु उपयुक्त हुँदैन। पद र पैसाको निम्ति राजनीति गर्ने होइन ।'

फूर्सदमा मात्र राजनीति गर्दा संगठन विस्तार र विकास नहुने औंल्याउँदै अध्यक्ष रोहितले राजनीति देश र जनताको सेवा गर्नकै लागि हो भन्नुभयो ।

मजदुर र किसानहरूकै नेतृत्वमा सरकार भयो भने बहुमत जनताले सुख पाउने विचार व्यक्त गर्दै उहाँले भन्नुभयो- 'क्रान्ति कसैले पूजा र भाकल गर्दैमा आउँदैन, क्रान्ति सफल पार्न बहुमत जनतालाई राजनीतिक, वैचारिक र सैद्धान्तिकरूपले सचेत र संगठित गर्नुपर्छ ।
अध्यक्ष रोहितले क्रान्ति अघि गर्नुपर्ने तयारी र क्रान्ति सफल भएपछि पाउने उपलब्धि र सतर्कताबारे जनतालाई सुसूचित पार्नुपर्नेमा जोड दिंदै कामको सिलसिलामा आएका जुनसुकै देश र जिल्लाका मजदुरहरूलाई राजनीतिक चेतना दिनुपर्छ, यसमा नेक्रामसंघ अघि जुट्नुपर्छ भन्नु भयो ।

नेमकिपाका केन्द्रीय सचिव एवं सांसद प्रेम सुवालले ८ घण्टाको काम र ज्याला वृद्धि गर्न गरिएको मजदुरहरूको आन्दोलन सफल भएको विजयोत्सवमा संसारभर मे दिवस मनाइएको उल्लेख गर्दै पूँजीवाद र साम्राज्यवाद नै युद्धका कारक हुन् भन्नुभयो ।

सार्वजनिक संस्थान कमिसन खाएर निजीकरण गरी देश डुबाएर देशको अर्थतन्त्र ध्वस्त पारिरहेको उल्लेख गर्दै सचिव सुवालले एमाले र माओवादी केन्द्रको गठबन्धन देश र जनताको सेवा गर्न होइन पदको लागि भएको हो भन्नुभयो ।

एक मधेस एक प्रदेश बनाउन, कृत्रिम नागरिकता दिलाउने बन्दोबस्त गराउन राजपा र फोरमले वर्तमान सरकारलाई समर्थन गरेको चर्चा गर्दै उहाँले भन्नुभयो- एक मधेस एक प्रदेश भए त्यो देशको लागि खतरा छ ।

विदेशी राजदूतसामु झुक्ने या आत्मसमर्पण गर्ने प्रवृत्तिले देश सार्वभौम नहुने विचार राख्दै सचिव सुवालले नेपालको खोलानाला बेचेर भारतबाट महँगो बिजुली किन्नु देशलाई पराधीन र परनिर्भर बनाउनु हो भन्नु भयो ।

संसदलाई सरकारको रबर स्टायम्प होइन प्राज्ञिक थलो बनाउनुपर्छ, घाटा बजेट पेश गर्नु हुँदैन, फौजदारी मुद्दा खेपेका सांसदहरूलाई निलम्बन नगरे संसद अपराधीहरूको थलो बन्छ, उहाँले भन्नुभयो ।

विदेशीको भरमा भूकम्प पीडितहरूको पुनर्स्थापना हुन नसक्ने औंल्याउँदै उहाँले मार्क्सको द्विशतवार्षिकीको अवसरमा जिल्ला जिल्लामा मार्क्सको कृति र साहित्यबारे विभिन्न रचनात्मक कार्यक्रम गर्नुपर्नेमा जोड दिनु भयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी मजदुर संघका केन्द्रीय अध्यक्ष नवराज कोइरालाले सभापतिको आसनबाट बोल्दै देशविदेशमा संगठित तथा असंगठित मजदुरहरूलाई शुभकामना दिंदै स्वतन्त्रता र मुक्तिको लागि व्यापक कामदार जनताको सहयोग आवश्यक हुन्न भन्नुभयो ।

संघर्षविना आमूल परिवर्तन सम्भव नहुने चर्चा गर्दै उहाँले साम्राज्यवाद र विस्तारवादविरूद्ध पूँजीवादी दलले संघर्ष नगर्ने बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले विश्व समाजवादी आन्दोल नयाँ नयाँ उपलब्धि हासिल गर्दै अगाडि बढिरहेको उल्लेख गर्दै विश्वको मजदुर वर्गीय आन्दोलन अब नरोकिने बताउनुभयो ।

उहाँले भन्नुभयो- 'यो वर्ष विश्व सर्वहारा वर्गका महान गुरू कार्ल मार्क्सको जन्मको दुई शताब्दीको वर्ष हो । विश्वका परिवर्तनवादी, मुक्तिकामी, प्रगतिशील समुदाय, क्रान्तिकारी तथा कामदार वर्ग मार्क्सप्रति असीम श्रद्धा व्यक्त गर्दैछन्, मार्क्सवादको अजय हतियारलाई अझ धारिलो बनाउँदै आमूल परिवर्तनको निम्ति अनुकूल परिस्थिति निर्माण गर्दैछन् ।'

अर्का प्रदेशसभा सदस्य सृजना सैंजूले देशको अर्थतन्त्र कमजोर भए मजदुरहरूले हातमुख जोड्न मुस्किल हुने चर्चा गर्दै देशको अर्थतन्त्रले नाफा र पूँजीको मात्र पक्ष लिन्छ भने त्यसले मजदुरहरूको चरम शोषण गर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, 'पूँजीवादी अर्थतन्त्र र समाजवादी अर्थतन्त्रबीचको संघर्ष एउटा वर्गसंघर्षकै रूप हो, समाजवादी अर्थतन्त्र लागू नभएसम्म उत्पादनका मुख्य मुख्य साधनहरू सामाजिकीकरण हुँदैन ।'

मजदुरहरूको अन्तर्राष्ट्रिय गीत गाइएको सो सम्मेलनको उद्घाटन कार्यक्रममा दीपा खत्री र बिक्रम ढुकुछुले पनि बोल्नुभएको थियो ।

उद्घाटन हुनुअघि दत्तात्रयबाट सुरू भएको जुलुस बजार परिक्रमा गर्दै टौमढीमा पुगी समापन भएको थियो ।

दत्तात्रयमा नेक्रामसंघका केन्द्रीय उपाध्यक्ष नारायण महर्जन, सहसचिव उपेन्द्र सुवाल र पुण्यराम न्हुछेंले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बीच-बीचमा विनोद विक र आस्था सांस्कृतिक परिवारको तर्फबाट देशभक्ति गीत गाइएको थियो ।


निर्वाचित अध्यक्ष चवाल










## किन ऋणको भारी बढ्दैछ नेपालीको टाउकोमा ?

**– असीम अमात्य**

सोमबार महालेखा नियन्त्रण कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७४/७५ मा हरेक नेपाली जनताको टाउकोमा ऋणको भार थपिएको छ । अघिल्लो आर्थिक वर्षमा २२ हजार १२९ रुपैंयामा सीमित ऋणभार यो आर्थिक वर्ष २१ सयले बढेर २४ हजार २ सय ७६ रुपैयाँ पुगेको छ ।

आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि उत्पादन क्षेत्रको बिस्तारमा जोड दिन सरकार अक्षम भएकाले आज नेपाली जनतामाथि ऋणको भार थपिएको छ । देशभित्रका प्राकृतिक तथा मानवीय स्रोतको उचित उपयोग नगरी उपभोग्य बस्तुको विदेशबाट आयात गर्ने र नेपाली जनशक्ति विदेशमा निर्यात गर्ने नीतिका कारण नेपाल मनग्य सम्भावनाबीच पनि आज ऋणमा डुबेको देश बनेको छ । देशलाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन सरकारले दिगो योजना बनाउन सकेको छैन ।

विप्रेषणलाई देशको अर्थतन्त्रको मेरुदण्ड मान्ने अवस्था कुनै पनि अर्थतन्त्रको लागि शुभ हुन सक्दैन । विप्रेषण आर्थिक परनिर्भरता र कमजोर अर्थतन्त्रको मानक हो । आज विदेशिएका नेपाली युवाहरुले जतिसुकै पैसा कमाए पनि त्यसले नेपालको आर्थिक विकासमा दिगो योगदान दिन सकिरहेको छैन । विदेशबाट पठाएको पैसा विभिन्न देशबाट आयात हुने उपभोग्य सामानहरुको खरिदमा विदेशिने गरेको छ । नेपाल आफैमा अत्यावश्यक उपभोग्य सामग्रीको उत्पादक हुँदो हो त विप्रेषणले आर्थिक समृद्धिमा अझ योगदान पुऱ्याउने थियो । तर जनताका आधारभूत आवश्यकता समेत देशभित्र उत्पादन नहुने अवस्थामा विप्रेषणको रकम विदेशी उत्पादनका लागि दाना बनेको छ ।



विदेशी सामानमाथि कर लगाएर स्वदेशी सामानको प्रवर्द्धन गर्ने सरकारको कुनै नीति नहुँदा आज नेपालमा उत्पादन हुने बस्तुहरु प्रतिस्पर्धामा कमजोर भएका छन् र धेरै उद्योगहरु टाट पल्टिएका छन् । विश्व व्यापार संगठनको सदस्य भएकाले नेपालले त्यसरी विदेशी सामानहरुमा अतिरिक्त कर लगाउन नपाउने भनी कुर्लने केही मानिसहरु नभएका होइनन् । तर आफ्नो अर्थतन्त्रमाथि नकारात्मक असर पर्न थालेपश्चात संरा अमेरिका सरकारले हालै चिनीयाँ सामानहरुमाथि कर बढाएको घटना त्यस्ता मानिसहरुको निम्ति गतिलो जवाफ हुन सक्छ ।

नेपालजस्तो विकासोन्मुख देशले विश्व बजारसँग प्रतिस्पर्धा गर्न त्यत्ति सजिलो छैन । त्यसकारण नेपाली स्वदेशी उत्पादनको प्रवर्द्धन गरी आयात घटाउन सरकारले कसिलो आर्थिक नीति कार्यान्वयन गर्न जरुरी छ । आफ्नो देशमा केही नफल्ने अनि अरुको देशबाट मात्र किन्ने अवस्थाले स्वभावत: नेपाली जनतालाई ऋणको भारीमा डुबाउने छ ।

आर्थिक समृद्धि र विकासको युग ल्याउने नाराका साथ बनेको वर्तमान सरकारले यो विषयमा ध्यान दिंदैन भने यो पनि विदेशी पूँजीको दलाल सरकार मात्र प्रमाणित हुनेछ ।

## कीर्तिपुरमा मायादेवी मूर्ति स्थापना





कीर्तिपुर । अनक मिडिया प्रा.लि. कीर्तिपुरद्वारा नेपालभाषा एकेडेमी परिसरमा बोधिवृक्ष रुखमुनी मायादेवीको मूर्ति स्थापना गरेको छ ।

बुद्ध जयन्तीको अवसरमा स्थापित सो मूर्तिको अनावरण कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले गर्नुभएको थियो। त्यसक्रममा वहाँले पानसमा दीप प्रज्ज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो ।

वहाँले मूर्ति स्थापनासँगै पर्यटकीय स्थलको रुपमा विकास गर्न आग्रह गर्नुभयो ।

अनक मिडियाका अध्यक्ष नवीन महर्जनले यस मायादेवी मूर्ति स्थापना परिसरमा कीर्तिपुर नपा र नेपालभाषा एकेडेमीसँग छलफल गरी मायादेवी पार्कको रुपमा विकास गर्ने लक्ष्य रहेको खुलासा गर्नु भयो ।

कार्यक्रममा अनक मिडियाका निर्देशक श्रीकृष्ण महर्जन, कीनपाका उप प्रमुख सरस्वती खड्का, नेपालभाषा एकेडेमीका पुष्पराज कर्णिकार, वडा नं. २ का अध्यक्ष रमेशमान डंगोल, नेवा: एफएमका वीरेन्द्र विणु शाकयलगायतले बोल्नुभएको थियो ।

कार्यक्रमको सुरुमा गुरुजु विजय बज्राचार्यबाट नेवार परम्परा अनुसार पूजा पाठ गरिएको थियो ।

## ढल्पा कीर्तिपुरमा बुद्धको मूर्ति राख्न जग शिलान्यास

कीर्तिपुर । त:धंख्य: संरक्षण तथा टोल सुधार समिति कीर्तिपुरद्वारा कीर्तिपुर नपा-९ ढल्पास्थित त:धंख्यमा बुद्धको मूर्ति स्थापना गर्ने भएको छ ।

७ फिट अग्लो बुद्धको मूर्ति स्थापना गर्न बैशाख १७ गते बुद्ध जयन्तीको दिन जग शिलान्यास गरेको छ । गुरुमा पुण्यबत्तीले पञ्चशीलको प्रार्थना गरी जगको शिलान्यास गर्नुभएको थियो ।

कार्यक्रममा काठमाडौंक्षेत्र नं. १० का सांसद राजेन्द्र केसीले बुद्धको मूर्ति स्थापनाले शान्तिको सन्देश दिने बताउनुभयो ।

वहाँले मन्तव्यको क्रममा सांसद कोषबाट ७ लाख आर्थिक बजेट व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समितिका अध्यक्ष बलराम महर्जनको सभापतित्वमा भएको कार्यक्रममा सचिव वीरेन्द्र शाक्यले स्वागत गर्नुभएको थियो ।

२०६८ सालमा स्थानीयवासीको सक्रियतामा त:धंख्य संरक्षण तथा टोल सुधार समिति गठनपछि त्यसक्षेत्रमा कार्यसिद्धि विनायक (गणेश) मन्दिर र महादेवको मन्दिर स्थापना गरिसकेका छन् ।



हाल ७ फिटको बुद्धको मूर्ति त्रिरत्न महर्जनको सहयोगमा स्थापना गर्न लागेको हो ।

मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य हो । नागरिक अधिकारप्रति सजग र सचेत बनौं, बनाऔं र सबैमा समान व्यवहार गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

**प्रथम लनगोल कप ब्याडमिन्टनमा सहभागी बनौं**

नयाँ वर्ष २०७५ सालको उपलक्ष्यमा प्रथम लनगोल कप खुल ब्याडमिन्टन प्रतियोगितामा सहभागी बनौं ।

कीर्तिपुर/दक्षिणकाली/चन्द्रागिरी नगरपालिका

प्रवेश शुल्क: रु.१५००।-
अन्तिम नाम दर्ता: बैशाख २८ गते दिनको १ बजेसम्म
खेल संचालन: कीनपा- ६, लनगोल
खेल सुरु: बैशाख २९ गते

आयोजक:
लनगोल ब्याडमिन्टन क्लव
सम्पर्क: ९८४१५३५२०६

भाषा, साहित्य व संस्कृतिया सः
नेवाः एफ.एम १०६.६
NewaFM 106.6 MHz
निहच्छिचच्छि (२४ सै घण्टा) न्यनादिसँ/न्यंकादिसँ
नेवाः जुयागुया गौरव यानादिसँ

नेवाः एफ.एम. १०६.६
न्यामासिमा, द्य:ध्वाखा, किपू-२
फोन ल्या: ४३३४२२२

अनक मिडिया प्रा.लि.
न्यामासिमा, द्य:ध्वाखा, किपू-२
इमेल: ankmedia.newafm@gmail.com

# प्रदूषणले छालामा कसरी र कस्तो असर गर्छ ?

– डा. स्मृति श्रेष्ठ



(काठमाडौं यतिखेर बढ्दो सहरीकरण र सवारी चापको चपेटामा परेको छ । सवारीसाधनको धुवाँले प्रदूषण बढाइरहेका बेला खानेपानी आयोजनाका नाममा जताततै खनिएका सडकमा उडेको धुलोले वातावरण निस्सासिँदो छ ।

सन् २०१७ को प्रदूषण सर्वेक्षणअनुसार काठमाडौं संसारकै पाँचौं प्रदूषित सहरका रूपमा दर्ज भएको छ । २०१८ को सुरुवातमा भएको वातावरणीय मापनसम्बन्धी सर्वेक्षणमा पनि नेपाल १८० मुलुकमध्ये सबैभन्दा तल परेको छ । यसैगरी दैनिक नापिने सूर्यको किरणको राप (युभी इन्डेक्स) पनि काठमाडौंले विकराल समस्या देखाएको छ ।

**यी तथ्याङ्कबाट सर्वसाधारणले के बुझ्ने ?**

वातावरणीय प्रदूषणले हाम्रो स्वास्थ्यमा नकारात्मक र दीर्घकालीन असर पुऱ्याउँछ । प्रदूषणका कारण ठोस, तरल र ग्यासरूपी रासायनिक र सूक्ष्म कणहरूले छालामा बहुआयामिक हानि गर्छन् । छाला शरीरको बाह्य र ठूलो अंग भएकाले यसले रक्षात्मक कवचको काम गर्छ ।

यसैले प्रदूषणको पहिलो सिकार पनि छाला नै बन्छ । विकारयुक्त रासायनिक पदार्थहरू छालाका पत्रभित्र पस्छन् र समस्या निम्त्याउँछन् । यिनले छालाको पहिलो पत्रमा हुने भिटामिन 'ई' नाश गर्ने र तेल तत्वको सन्तुलन बिगार्ने अनुसन्धानले देखाउँछ । यसरी तेल र भिटामिन नाश हुँदा छाला सुक्खा, चमकहीन हुने र एलर्जीप्रति बढी कमजोर हुने गर्छ । घाम, हावा, रसायन र कस्मेटिकको एलर्जी आजभोलि निकै बढ्दो छ ।

चीनमा गरिएको अनुसन्धानले भने कतिपयमा छाला धेरै चिल्लो हुने देखिएको छ । यो चिल्लोपना प्राकृतिक रूपले नभई छालाको काँचुली फेर्नमा प्रदूषणले पुऱ्याउने बाधाले र तेल ग्रन्थि बन्द गर्ने कारणले हुने देखिएको छ । तेलग्रन्थि थुनिँदा डन्डीफोरको समस्या धेरै बढ्न सक्छ । सहरी धुवाँधुलो र सवारीबाट निस्कने धुवाँले कालो दाग लगायतका समस्या बढाउँछ । यसैगरी दीर्घकालमा छिट्टै चाउरी पर्ने र क्यान्सरको जोखिम बढ्ने देखिएको छ । कत्लेरोग र एलर्जीका समस्या पनि दिनहुँ बढ्दो छ ।

यी विभिन्न समस्याबाट बच्न छालालाई सधैं सफा राख्ने, नियमित मोइस्चराइजर र सनक्रिम प्रयोग गर्ने गर्नुपर्छ । बाहिर निस्कँदा पूरा बाहुला भएको लुगा लगाउने र राम्रो किसिमको मेडिकल मास्क लगाउने गर्नुपर्छ ।

दिउँसोको प्रचण्ड घाम र प्रदूषणको समयमा बाहिरी काम सकेसम्म कम गर्ने र घरभित्र एयरफिल्टर वा हावा सफा गर्ने यन्त्र जडान गर्ने सल्लाह पनि विशेषज्ञले दिनछन् । विभिन्न अन्तर्राष्ट्रिय मेडिकल सर्वेक्षणका अनुसार कोठाभित्र बस्दा झ्याल ढोका लगाएर बस्ने र घना सवारी आवतजावत हुने प्रमुख सडकहरूबाट घरहरू टाढा बनाउँदा पनि स्वास्थ्यमा पर्ने जोखिमलाई न्युनीकरण गर्न सकिन्छ ।

(डा. श्रेष्ठ धुलिखेल अस्पतालमा कार्यरत छिन् ।)

स्वास्थ्यखबर

